# हेटौडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## हेटौडा, मकवानपुर

## करारमा जनशक्ती पदपूर्ति गर्ने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/११/२६**

प्रस्तुत विषयमा यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन इकाई स्थापना भई हेटौडा उपमहानगरपालिका क्षेत्र भित्रका भूमिहिन दलित सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन कार्य भई रहेकोमा यस कार्यालयमा स्थापना भएको लगत संकलन इकाईको लागि तपसिल बमोजिमका पद तह र संख्यामा कर्मचारीहरु २०७८ असार मसान्त सम्को लागि सेवा करारमा नियुक्ति गरी कार्य गर्नृ गराउनु पर्ने भएकोले ईच्छुक एवम् योग्यता पुगेका नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा दरखास्त दिनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम कार्यालयको वेवसाइड www.hetaudamun.gov.np बाट निशुल्क उपलब्ध हुनेछ ।

| सि· नं· | आवश्यक पद | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १· | सर्भेक्षक | सहायक पाचौं | प्राविधिक | ४ |
| २· | अमिन | सहायक चौथो | प्राविधिक | ८ |
| ३· | लगत प्रविष्ट कर्ता | सहायक चौथो | प्राविधिक | ४ |
| ४· | हेल्पर | श्रेणी विहिन | प्रशासन | ४ |

१. सर्वेक्षक/सहायक पाचौंः- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एसएलसी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियामेटिक्स विषयमा तीन वर्षे प्रविणता प्रमाणपत्र सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालिम प्राप्त गरेको

२.अमिन/सहायक चौथोः- मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एसएलसी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियामेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको ।

३.लगत प्रविष्टकर्ता/सहायक चौथोः- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषय लिई एसएलसी वा सो सरह उत्तीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी वा सो सरह उत्तीर्ण गरी रजिष्टर्ड संस्थाबाट कम्तीमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त वा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी वा सो सरह उत्तीर्ण गरी विज्ञान तथा प्रविधि मन्त्रालयबाट Skilled Manpower को लागि संचालित कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।

४. हेल्पर/श्रेणी विहिनः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ८ कक्षा उत्तीर्ण गरेको ।

५. परीक्षा मितिः- सूचना प्रकाशित गरी पछी जानकारी गराइने छ ।

६. दरखास्त दिने अन्तिम मितिः- सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिन भित्र (अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलीपल्ट)

७. उमेरको हदः १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

८. दरखास्तसाथ संलग्न राख्नु पर्ने कागजातः उम्मेदवारले नागरिकता, तोकिएको न्युनतम शैक्षिक योग्यता, तालिमको प्रमाणपत्रको प्रतिलिपीमा स्वयंमले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

९. परीक्षा दस्तुरः- सहायक पाचौ तहको लागि रु.४००।- सहायक चौथो तहको लागि रु. ३००।- र श्रेणी विहिनको लागि रु. २००।- को दस्तुर यस कार्यालयको राजश्व प्रशासन शाखामा जम्मा गरी पेश गर्नु पर्नेछ ।

१० सेवाका शर्तहरुः- प्रचलित कानून अनुसार नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरेको मासिक तलब अनुसारको पारिश्रमिक नियमानुसार लाग्ने कर कट्टी गरी उपलब्ध गराइने छ । अन्य कुरा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

११. तोकिएको म्याद भित्र पेश नभएको वा योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा अन्य रित नपुगेका दरखास्त स्वीकृत गरिने छैन ।